**विधायन ऐन, २०८१ को दफा ६ उपदफा (२) बमोजिमका सङ्क्रामक पशु रोग नियन्त्रण गर्न बनेको विधेयक, २०८२ सम्बद्ध विवरणहरू सर्वसाधारणको रायका लागि प्रकाशन सम्बन्धमा**

**प्रकाशन मितिः** २०८२/५/२

**क) कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको कारण,**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यहरू अन्तरगत खाद्य सम्बन्धी हक, उपभोक्ताको हक, स्वास्थ्य सम्बन्धी हक, स्वच्छ वातावरणको हक र सम्पत्तिको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा सहकार्यमा पशुपन्छी तथा माछाका सङ्क्रामक रोगहरूको रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलन गरी पशु स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरण स्वास्थ्य संरक्षण गर्न, महामारीबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न र पशु तथा पशुजन्य पदार्थको व्यापार प्रवर्द्धन गर्न नेपालको संविधानको अनुसूची ५ मा व्यवस्था भएको संघको एकल अधिकारको सूचीको क्वारेन्टाइन र सरुवा रोग नियन्त्रण, अनुसूची ७ मा व्यवस्था भएको संघ र प्रदेशको साझा अधिकार सूचीको पशु चिकित्सा र अनुसूची ९ मा व्यवस्था भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको कृषि सम्बन्धी विषय अन्तरगत पशुपन्छी तथा माछाका सङ्क्रामक रोग नियन्त्रण सम्बन्धी विषयमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले सङ्क्रामक पशु रोग नियन्त्रण गर्न बनेको विधेयक, २०८२ तर्जुमा गर्नु परेको हो।

**ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव,**

सङ्क्रामक पशु रोग नियन्त्रण गर्न बनेको विधेयक, २०८२ मा रहेका विभिन्न व्यवस्थाहरूबाट नेपालको संविधानले निर्दिष्ट गरेका देहाय बमोजिमका मौलिक हक कार्यान्वयन गर्न प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ।

- नेपालको संविधानको धारा ३६ बमोजिम प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हकको कार्यान्वयन गर्न
- नेपालको संविधानको धारा ४४ बमोजिम प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हकको कार्यान्वयन गर्न
- नेपालको संविधानको धारा ३५ बमोजिम प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्न
- नेपालको संविधानको धारा २५ बमोजिम प्रत्येक नागरिकलाई सम्पत्तिको हकको कार्यान्वयन गर्न
- नेपालको संविधानको धारा ३० बमोजिम प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हकको कार्यान्वयन गर्न

**ग) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव**

पशुपन्छी तथा माछामा देखा पर्ने आर्थिक तथा जनस्वास्थ्यका दृष्टिले महत्वपूर्ण विभिन्न सङ्क्रामक रोगहरूका कारण कृषकहरूले ठूलो आर्थिक क्षति व्यहोर्नुका साथै पशुपन्छीबाट मानिसमा सर्ने जुनोटिक रोगका कारण जनस्वास्थमा समेत गम्भीर असर पुग्ने गरेको छ। नेपालमा गरिएका विभिन्न अध्ययन अनुसार खुरफट्टा पशुमा लाग्ने खोरेत रोगबाट मात्र वार्षिक करिब ७ अर्ब, विभिन्न परजीविजन्य रोगका कारण करिब ८ अर्ब क्षति हुने गरेको र रेबिज, क्षयरोग, पन्छीमा देखिएको बर्ड फ्लु जस्ता सङ्क्रामक रोगका कारण जनस्वास्थ्यमा समेत नकारात्मक असर परेको छ।

**घ) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग,**

यस विधेयकमा भएका विभिन्न व्यवस्थाबाट दिगो विकासका देहायका लक्ष्य हासिल गर्न सहयोग पुग्ने देखिन्छ।

- दिगो विकासको लक्ष्य १ सबै ठाउँबाट सबै स्वरुपका गरिबीको अन्त्य
- दिगो विकासको लक्ष्य २ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने
- दिगो विकासको लक्ष्य ८ भरपर्दो समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने
- दिगो विकासको लक्ष्य १२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

**ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव,**

संघ, प्रदेश र स्थानीय तहको समन्वयमा सङ्क्रामक पशु रोगहरूको नियन्त्रण गरिने भएकाले सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

**च) विधेयकको व्यवस्थाबाट जलवायु अनुकुलनमा पुग्ने सहयोग,**

पशुपन्छी तथा मत्स्यमा हुने महामारीको समयमै प्रभावकारी नियन्त्रण र पशुपन्छी फार्ममा असल अभ्यासको पालना तथा कार्यान्वयन गर्दा जलवायु अनुकुलनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

**छ) अन्य आवश्यक विषय**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ को क्रम संख्या ६ अन्तर्गत समावेश भएका कार्यहरू मध्ये उपक्रम संख्या १० मा कृषि मत्स्य तथा पशुपन्छीजन्य महामारी रोग नियन्त्रण उल्लेख भएकोले संक्रामक पशु रोग नियन्त्रण गर्न बनेको बिधेयक, २०८२ प्रस्ताव गरिएको हो। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ को विस्तृतीकरण गर्न नेपाल सरकारले स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार पशुपन्छीको महामारी नियन्त्रणलाई संघको अधिकार सूचीमा समावेश गरिएको छ।

यस विधेयकको तर्जुमा पश्चात देहायका उपलब्धी हासिल हुने देखिन्छ।

- पशुपन्छी तथा माछाका सङ्क्रामक रोगहरूको नियन्त्रण प्रभावकारी हुने।

- पशुपन्छी तथा माछाका सङ्क्रामक रोगबाट हुने क्षति न्यूनीकरण हुने।
- नेपालले अन्तरार्ष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरू पूरा हुने।
- नेपालबाट हुने पशु तथा पशुजन्य पदार्थको निर्यात व्यापारमा प्रवर्द्धन हुने।
- खाद्य तथा पोषण सुरक्षा र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने।

यस विधेयक सम्बन्धी राय/सुझाव सूचना प्रकाशन भएको मितिबाट सात दिनभित्र (ahd@moald.gov.np) मा email पठाउन हुन वा मन्त्रालयमा पत्राचार गर्नुहुन अनुरोध छ।

# सङ्क्रामक पशु रोग नियन्त्रण गर्न बनेको विधेयक, २०८२

प्रस्तावना : पशुमा लाग्ने  महामारीजन्य रोग, पशु वा स्थान विशेषमा देखा परिरहने सङ्क्रामक पशु रोगको प्रकोप वा विस्तार हुन नदिन रोगको शीघ्र पहिचान तथा प्रतिकार्य गरी रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन र नयाँ रोग भित्रिन नदिन निगरानी गर्ने व्यवस्था गर्न समेत वाञ्छनीय भएकोले सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सङ्क्रामक पशु रोग नियन्त्रण ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको ९१ औं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले आधिकारिक निकायले कार्य विशेषका लागि तोकेको व्यक्ति सम्झनु पर्दछ।

(ख) "आधिकारिक निकाय" भन्नाले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि सङ्घीय स्तरमा पशु सेवा विभाग, प्रदेशस्तरमा पशु सेवासँग सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीयस्तरमा स्थानीय तहलाई सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु सेवासँग सम्बन्धित निकाय सम्झनु पर्दछ।

(घ) "जिल्ला रोग नियन्त्रण अधिकारी" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु सेवासँग सम्बन्धित निकायको प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) "तोकेको वा तोकिएको/तोकिएका वा तोके/तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिकामा तोकेको वा तोकिएको/तोकिएका वा तोके/तोकिए बमोजिम सम्झनु पर्दछ।

(च) "पशु उत्पादन सामग्री" भन्नाले जैविक पदार्थ, भेटेरिनरी औषधी, पशु आहारा र तिनका उत्पादनलगायत पशु स्वास्थ्य, पशु प्रजनन् तथा पशु उत्पादनमा प्रयोग हुने सामग्री, मेसिनरी, औजार र यन्त्र उपकरणहरू समेत सम्झनु पर्दछ।

(छ) "पशु रोग नियन्त्रण चेकपोष्ट" भन्नाले सङ्क्रमित क्षेत्रबाट वा सो क्षेत्र भएर शङ्कास्पद रोगी पशु, दुषित पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसारलाई नियन्त्रण गर्ने प्रयोजनका

लागि संचालन गरिने पूर्वाधार सहितको अस्थायी इकाइ सम्झनु पर्दछ र सो शब्दले पशु क्वारेन्टाइन चेकपोष्टलाई समेत जनाउँदछ।

(ज) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनु पर्दछ र सो शब्दले पन्छी तथा माछासमेतलाई जनाउँदछ।

(झ) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, आन्तरिक अङ्ग तथा स्राव, रगत, बोसो, दूध, अण्डा, अण्डाको बोक्रा, हाड, छाला, सिङ्ग, खुर, प्वाँख, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थि, मलमूत्र, माछाको कत्ला, माछाको पखेटालगायत पशुबाट उत्पत्ति हुने जुनसुकै प्रकारको वस्तु सम्झनु पर्दछ।

(ञ) "पशुधनी" भन्नाले पशुको स्वामित्व भएको व्यक्ति वा संस्था सम्झनु पर्दछ र सो शब्दले त्यस्तो व्यक्ति वा संस्थाद्वारा पशुको व्यवस्थापन गर्न खटाइएको व्यक्ति समेतलाई जनाउँदछ।

(ट) "प्रदेश निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको पशु सेवासँग सम्बन्धित निर्देशनालय सम्झनु पर्दछ।

(ठ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको पशु सेवासंग सम्बन्धित मन्त्रालय सम्झनु पर्दछ।

(ड) "प्रयोगशाला" भन्नाले पशु सेवा विभागले तोकेको प्रयोगशाला सम्झनु पर्दछ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ।

(ण) "महामारीजन्य रोग" भन्नाले एक पशुबाट अन्य पशुमा प्रत्यक्ष वा अप्रत्यक्ष माध्यमबाट सजिलै सर्न सक्ने, बिरामीदर उच्च हुने र छिटो फैलने सम्भावना रहेको भनी तोकिएका सङ्क्रामक पशु रोगलाई सम्झनु पर्दछ।

(त) "रोगमुक्त क्षेत्र" भन्नाले रोग विशेष नभएको वा सङ्क्रमित क्षेत्र घोषणा भई रोग नियन्त्रणपश्चात रोगमुक्त प्रमाणित भएको स्थान वा भौगोलिक क्षेत्र सम्झनु पर्दछ।

(थ) "विभाग" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्दछ।

(द) "शङ्कास्पद सङ्क्रामक वस्तु" भन्नाले पशु रोग सम्बन्धी जोखिमको सम्पर्कमा आएका वा रोग विस्तारको सम्भावित स्रोत हुन सक्ने रोगी पशु, पशुको सिनो, ढुवानीको साधन, दुषित पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री र तिनका उत्पादनमा प्रयोग हुने अन्य सामग्रीसमेत सम्झनु पर्दछ।

(ध) "सघन सर्भिलेन्स क्षेत्र" भन्नाले सर्भिलेन्स कार्यका लागि रोग विशेष अनुसार सङ्क्रमित क्षेत्र र सो को वरिपरिको क्षेत्रसमेतलाई सम्झनु पर्दछ।

(न) "सङ्क्रमित क्षेत्र" भन्नाले रोग विशेष अनुसार सङ्क्रामक पशु रोग देखा परेको भनी पुष्टि भएको स्थान वा भौगोलिक क्षेत्र सम्झनु पर्दछ।

(न) “सङ्क्रामक पशु रोग” भन्नाले विषाणु, जीवाणु, ढुसी, परजीवी, सङ्क्रामक प्रोटिन तत्व (प्रायन) वा अन्य सूक्ष्म जीवको सङ्क्रमणबाट पशुमा लाग्ने रोग सम्झनु पर्दछ।

(प) “सरोकारवाला” भन्नाले पशुपालन, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको उत्पादन, प्रशोधन एवम् बजारीकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न व्यक्ति वा संस्था, सेवा प्रदायक व्यक्ति वा संस्था र उपभोक्तासमेतलाई सम्झनु पर्दछ।

(फ) “सर्भिलेन्स” भन्नाले सङ्क्रामक रोगको योजनाबद्ध तवरले निरन्तर रूपमा गरिने रोग सम्बन्धी निगरानीका कार्य सम्झनु पर्दछ। सो शब्दले रोग नियन्त्रणका लागि गरिने तथ्याङ्क तथा नमूना सङ्कलन, परीक्षण, विश्लेषण र सूचनाको आदान प्रदान सम्बन्धी कार्यलाईसमेत जनाउँदछ।

(ब) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्दछ।

## परिच्छेद -२

## सङ्क्रामक पशु रोगको नियन्त्रण सम्बन्धी व्यवस्था

३. **सङ्क्रामक पशु रोगको जानकारी दिनुपर्ने :** (१) कुनै स्थानमा सङ्क्रामक पशु रोग लागेको शङ्का लागेमा नजिकको स्थानीय तह, कार्यालय वा पशु सेवासँग सम्बन्धित अन्य सरकारी निकायमा यथाशीघ्र जानकारी गराउनु सबै सरोकारवालाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम वा अन्य सञ्चार माध्यमवाट प्राप्त सूचनाको यकिन गरी स्थानीय तहले स्थलगत निरीक्षण र सम्भावित रोगको जाँच प्रक्रिया अपनाई कार्यालयको सहकार्यमा अन्वेषण गर्नु पर्नेछ।

(३) महामारीजन्य रोग लागेमा वा थप परीक्षण वा अन्वेषण आवश्यक भएमा सम्बन्धित स्थानीय तह वा कार्यालयले यथाशीघ्र प्रदेश मन्त्रालय, प्रयोगशाला र विभागमा जानकारी गराउनु पर्नेछ।

४. **सङ्क्रामक पशु रोगको सर्भिलेन्स गर्नुपर्ने :** (१) सवै आधिकारिक निकायहरूले सम्बन्धित क्षेत्रमा सङ्क्रामक पशु रोगहरूको सर्भिलेन्स गर्नुपर्नेछ।

(२) स्थानीय तह र कार्यालयले मासिक, अर्धवार्षिक र वार्षिक रूपमा विभाग र प्रदेश मन्त्रालयलाई पशु रोगको विवरण तोकिए वमोजिमको ढाँचामा पठाउनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले राजपत्रमा प्रकासन गरी सूचिकृत गरिएका सङ्क्रामक पशु रोगहरूको विवरण पाक्षिक रूपमा शुन्य रिपोर्टिङ्ग समेत गर्नुपर्नेछ।

(४) विभागले उपदफा (२) र (३) बमोजिम प्राप्त हुने रोगको सूचनाको आधारमा पशु रोग पुर्वानुमान प्रणाली विकास गरी लागु गर्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिमको विवरणको विश्लेषण गरी विभागले आवधिक रूपमा प्रकाशन गर्नुपर्नेछ।

५. **निरीक्षण तथा नमूना सङ्कलन गर्न सक्ने** : (१) शङ्कास्पद सङ्क्रामक वस्तु भएको शङ्का लागेमा अधिकार प्राप्त अधिकारीले जुनसुकै समयमा जुनसुकै स्थानमा प्रवेश गर्न, निरीक्षण गर्न र आवश्यकता अनुसार नमुना सङ्कलन गर्न सक्नेछ।

६. **शङ्कास्पद सङ्क्रामक वस्तुलाई अलग्गै राख्नु पर्ने** : (१) तोकिएका महामारीजन्य वा सङ्क्रामक रोगको सम्भावित फैलावट रोक्न शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्न सम्बन्धित आधिकारिक निकायले आदेश दिन सक्नेछ।

(२) रोगको अवस्था नियन्त्रणमा नआएसम्म उपदफा (१) बमोजिम दिइएको आदेश पालना गर्नु सम्बन्धित पशुधनी वा सरोकारवालाको दायित्व हुनेछ।

(३) संसर्ग निषेध गर्न अलग्गै राखिएका वा नियन्त्रणमा राखिएका शङ्कास्पद सङ्क्रामक वस्तु कार्यालयको लिखित आदेशविना हटाउन वा अन्यत्र स्थानान्तरण गर्न पाइने छैन।

७. **सङ्क्रमित क्षेत्र घोषणा गर्न सक्ने** : (१) स्थानीय तहसँगको समन्वयमा कार्यालयको सिफारिसमा प्रयोगशालाबाट पुष्टि भएका सङ्क्रामक रोग फैलिएको क्षेत्र वा फार्मलाई जिल्ला प्रशासन कार्यालयले सङ्क्रमित क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा रोग सर्ने प्रवृत्ति, बिरामी वा मृत्यु हुने दर र हुनसक्ने आर्थिक तथा मानवीय क्षतिलाई मुख्य आधार बनाउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि रोगले महामारीको स्वरूप लिएमा वा लिन सक्ने अवस्थामा विभागको सिफारिसमा मन्त्रालयबाट सङ्क्रमित क्षेत्र घोषणा गर्न बाधा पर्ने छैन।

८. **महामारी प्रभावित क्षेत्र घोषणा गर्न सक्ने** : कुनै सङ्क्रामक पशु रोग नियन्त्रण बाहिर गई ठूलो धनजनको क्षति हुने महामारीको अवस्था देखिएमा नेपाल सरकारले कुनै पनि भौगोलिक क्षेत्रलाई महामारी प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ।

९. **सघन सर्भिलेन्स क्षेत्र घोषणा गर्ने** : (१) सङ्क्रामक रोग अन्यत्र बिस्तार हुन नदिन वा रोगको स्थितिको विश्लेषण गर्न आधिकारिक निकायले सङ्क्रमित क्षेत्र र त्यस वरिपरिको क्षेत्रलाई सघन सर्भिलेन्स क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित सघन सर्भिलेन्स क्षेत्रमा सघन सर्भिलेन्स कार्य गर्नु पर्नेछ।

(३) सघन सर्भिलेन्स कार्यमा मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय, प्रदेश निर्देशनालय, कार्यालय र स्थानीय तहले समन्वय, सहकार्य र सहजीकरण गर्नु पर्नेछ।

(४) सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने सिलसिलामा सर्भिलेन्स कार्य गर्दा कसैले पनि बाधा पुऱ्याउन पाइने छैन।

**१०. रोग नियन्त्रण कार्यको दायित्व :** (१) स्थानीय स्तरमा फैलिएका सङ्क्रामक पशु रोग नियन्त्रण कार्य सम्बन्धित स्थानीय तहले, प्रदेशस्तरमा फैलिएका सङ्क्रामक पशु रोग नियन्त्रण कार्य सम्बन्धित प्रदेश सरकारले र अन्तरप्रदेश वा राष्ट्रिय स्तरमा फैलिएमा सङ्क्रामक पशु रोग नियन्त्रण कार्य नेपाल सरकारले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रण कार्यमा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई माग र अवश्यकता अनुसार सहयोग गर्नु पर्नेछ।

(३) प्रदेशस्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रण कार्यमा कार्यालयले स्थानीय तहसँग समन्वय गर्न सक्नेछ। अन्तरप्रदेश तथा राष्ट्रियस्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रण कार्यको हकमा विभागले प्रदेश मन्त्रालय, प्रदेश निर्देशनालय, कार्यालय तथा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(४) सङ्क्रमित क्षेत्र घोषणा नगरिएको तर पशु वा स्थान विशेषमा देखा परिरहने सङ्क्रामक रोगहरूको नियन्त्रण कार्य नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नियमित कार्यक्रमबाट गर्नु पर्नेछ।

(५) मन्त्रालय, विभाग र प्रदेश मन्त्रालयले रोग नियन्त्रण सम्बन्धमा सहयोग, समन्वय र सहकार्य गर्नेछन्।

(६) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि कार्ययोजना बनाइ पुर्व तयारी र प्रतिकार्य गर्नुपर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्क्रामक पशु रोग नियन्त्रणका लागि विभागले कार्यालय वा स्थानीय तहमा लेखि पठाएमा सो बमोजिम कार्य गर्नु गराउनु सम्बन्धित निकायको दायित्व हुनेछ।

**११. रोग नियन्त्रण कार्यका लागि आदेश जारी गर्न सक्ने :** (१) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि घोषित सङ्क्रमित क्षेत्रमा आधिकारिक निकायले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको आदेशको उल्लङ्घन गर्न पाइने छैन।

**१२. प्रतिबन्ध लगाउन सकिने :** (१) जिल्ला प्रशासन कार्यालयले स्थानीय तहसँगको समन्वयमा कार्यालयको सिफारिस बमोजिम घोषित सङ्क्रमित क्षेत्रमा पशु हाटबजार, पशु प्रदर्शनी, पशु मेला, पशु स्वास्थ्य शिविर सञ्चालन गर्न, सामुदायिक चरन क्षेत्र, पानीको स्रोत वा सार्वजनिक स्थानमा छाड्न,

लैजान वा बिक्रिवितरण गर्न र पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसार गर्न अवधि तोकी प्रतिबन्ध लगाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपचारका लागि लैजान समेत नपाउने आदेश जारी भएको अवस्थामा बाहेक रोगी पशुलाई नजिकको पशु स्वास्थ्य प्रदायक निकायमा लैजान बाधा पर्ने छैन।

**१३. पशु रोग नियन्त्रण चेकपोष्टको संचालन :** (१) प्रदेश मन्त्रालयले जिल्ला रोग नियन्त्रण अधिकारीको सिफारिसमा घोषित सङ्क्रमित क्षेत्रको सीमानामा शङ्कास्पद सङ्क्रामक वस्तुको ओसारपसारमा नियन्त्रण गर्न पशु रोग नियन्त्रण चेकपोष्टको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको सहमति लिई विभागले सङ्क्रमित क्षेत्र घोषणा गरेका बखत पशु रोग नियन्त्रण चेकपोष्टको स्थापना गर्न बाधा परेको मानिने छैन।

**१४. पोष्टमार्टम गर्ने :** (१) पशुहरूको मृत्युको कारण पत्ता लगाउन पोष्टमार्टम (शव परिक्षण) गर्न सकिने छ।

(२) जीवित पशुको हकमा रोगको अन्वेषण गर्ने प्रयोजनको लागि पीडारहित तरिकाले मृत्युवरण गराई पोष्टमार्टम गर्न सकिने छ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको पोष्टमार्टम प्रतिवेदन तोकिए बमोजिमको ढाँचामा दर्तावाल पशु चिकित्सकले जारी गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि माछाको चिरफार प्रतिवेदन सम्बन्धित विषयमा कम्तिमा स्नातक उपाधि हासिल गरेका मत्स्य विकास अधिकृतले जारी गर्न बाधा पुगेको मानिने छैन।

**१५. नष्ट वा लिलाम गर्ने :** (१) यस ऐनको उल्लङ्घन गरेमा शङ्कास्पद सङ्क्रामक वस्तु जफत गरी नष्ट गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत भएका ढुवानीको साधन लगायत निःसङ्क्रमण पश्चात पुनः प्रयोग गर्न सकिने सामग्रीको हकमा निःसङ्क्रमण गरी लिलाम गर्न सक्नेछ।

**१६. मरेका पशु व्यवस्थापन गर्ने :** स्थानीय तहले सङ्क्रामक पशु रोगबाट मरेका पशु वा अन्य शङ्कास्पद सङ्क्रामक वस्तुको व्यवस्थापन गर्नु गराउनु पर्नेछ।

**१७. सरसफाइ तथा निःसङ्क्रमण गर्नु पर्ने :** (१) पशुधनी वा ढुवानीकर्ताले सङ्क्रमित परिसर, शङ्कास्पद सङ्क्रामक वस्तु र ढुवानीका साधनहरूको सरसफाइ तथा निःसङ्क्रमण गर्नु पर्नेछ।

**१८. खोप सम्बन्धी व्यवस्था :** (१) सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा सङ्क्रामक पशु रोग विरुद्ध खोप लगाउने व्यवस्था गर्नु पर्नेछ।

(२) आधिकारिक निकायबाट खोपको प्रमाणपत्र जारी गरिने छ।

**१९. सङ्क्रमित क्षेत्र फुकुवा गर्ने :** (१) दफा ७ बमोजिम घोषणा गरिएको सङ्क्रमित क्षेत्रलाई सर्भिलेन्सको नतिजाको आधारमा रोग मुक्त भएको पुष्टि भएमा स्थानीय तहको समन्वयमा कार्यालयको सिफारिस बमोजिम जिल्ला प्रशासन कार्यालयले सङ्क्रमित क्षेत्र फुकुवा गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले घोषणा गरेको सङ्क्रमित क्षेत्रको फुकुवा मन्त्रालयले नै गर्नेछ।

**२०. महामारी प्रभावित क्षेत्र फुकुवा गर्ने :** दफा ८ बमोजिम घोषण गरिएको महामारी प्रभावित क्षेत्रलाई मन्त्रालयको सिफारिसको आधारमा नेपाल सरकारले फुकुवा गर्न सक्नेछ।

**२१. जोन वा कम्पार्टमेन्टमा रोग मुक्त क्षेत्र तोक्न सक्ने :** कुनै स्थान वा फार्मलाई नेपाल सरकारले जारी गरेको जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका बमोजिम रोग मुक्त क्षेत्र तोक्न सक्नेछ।

## परिच्छेद -३

## सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी संस्थागत व्यवस्था

**२२. प्राविधिक समन्वय समितिको गठन :** (१) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्राविधिक पृष्ठपोषण तथा नियन्त्रण कार्यमा समन्वय, सहकार्य र सहजीकरण गर्न देहाय बमोजिमको एक प्राविधिक समन्वय समिति रहनेछ :

(क) महानिर्देशक, पशु सेवा विभाग -संयोजक

(ख) महानिर्देशक, औषधी व्यवस्था विभाग -सदस्य

(ग) उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग -सदस्य

(घ) निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(ङ) निर्देशक, पशु तथा मत्स्य अनुसन्धान, नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

(च) प्रतिनिधि, नेपाल पशु चिकित्सा परिषद् -सदस्य

(छ) प्रतिनिधि, नेपाल पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् -सदस्य

(ज) प्रमुख, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला -सदस्य

(झ) उपमहानिर्देशक, पशु सेवा विभाग -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला, राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घ/संस्था र विषय विशेषज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२३. **प्राविधिक समन्वय समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन सम्बन्धी प्राविधिक कार्ययोजना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ख) सङ्क्रामक पशु रोग नियन्त्रण गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(ग) आधिकारिक निकायबाट पेश भएको तोकिएका सङ्क्रामक पशु रोगहरू विरुद्धको खोप अनुमति, खोप आपुर्ति र खोप वितरण सम्बन्धी कार्ययोजना अनुमोदन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(घ) उपलब्ध जनशक्ति तथा स्रोत साधनको समुचित परिचालन गर्ने गराउने,

२४. **भेटेरिनरी रेपिड रेस्पोन्स टोलीको व्यवस्था** : (१) सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मुलन गर्न सङ्घ, प्रदेश र जिल्लामा एक भेटेरिनरी रेपिड रेस्पोन्स टोली रहने छ।

(२) उपदफा (१) बमोजिमको टोलीको संरचना स्थान र रोग विशेषका आधारमा सम्बन्धित रोग नियन्त्रण अधिकारीले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सङ्क्रामक पशु रोगबारे विभिन्न सञ्चार माध्यमबाट (छापा, श्रव्य वा दृश्य) प्रकाशित र अन्य माध्यमबाट प्राप्त सूचनाहरूको निरन्तर अनुगमन गरी सङ्क्रमण वा प्रकोप भए, नभएको यकिन गर्ने।

(ख) रोग सङ्क्रमणको शङ्का भएको क्षेत्रमा पुगी रोगको विस्तृत विवरण (Line listing) तयार गर्ने र रोगको प्रकृति अनुसार आवश्यक अध्ययन गर्ने।

(ग) अध्ययनको नतिजाको आधारमा रोग नियन्त्रणका अल्पकालीन उपायहरूबारे सिफारिस गर्ने।

(घ) स्थानीय तहको समन्वय तथा सहकार्यमा रोगको नियन्त्रण गर्न आवश्यक निदान, उपचार लगायत रोग नियन्त्रणका अल्पकालीन कार्यहरू गर्ने।

(ङ) रोगको प्रकोप वा महामारीको नियन्त्रण पश्चात विस्तृत प्रतिवेदन तयार गर्ने।

२५. **प्रदेश कानून बमोजिम हुने** : (१) प्रदेश सरकारले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्राविधिक तथा अन्य व्यवस्थापन कार्य गर्न आवस्यक कानून बनाई कार्यान्वयन गर्नुपर्नेछ।

(२) प्रदेश सरकारले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

२६. **स्थानीय तहको कानून बमोजिम हुने :** (१) स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्राविधिक तथा अन्य व्यवस्थापन कार्य गर्न आवस्यक कानून बनाइ कार्यान्वयन गर्नु पर्नेछ।

(२) स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

## परिच्छेद -४

## राहत तथा सुबिधा सम्बन्धी व्यवस्था

२७. **राहत प्रदान गर्न सकिने :** (१) सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने उद्देश्यले आधिकारिक निकायको आदेशमा नष्ट गरिएका शङ्कास्पद सङ्क्रामक वस्तुको नोक्सानी वापत सम्बन्धित पशुधनीलाई राहत प्रदान गर्न विनियोजित बजेटमा व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने राहत नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

(३) नेपाल सरकारले मापदण्ड नतोकेको अवस्थामा प्रदेश सरकारको मापदण्ड भएमा सोही बमोजिम वा सङ्घ र प्रदेश सरकारको मापदण्ड नभएको हकमा स्थानीय तहको मापदण्ड बमोजिम राहत प्रदान गर्न सकिनेछ।

(४) पशु स्वास्थ्य प्रमाणपत्र बिना देशभित्र ओसारपसार वा विदेशबाट पैठारी गरिएको र छाडा वा बेवारिसे शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट गर्नु परेमा कुनै राहत दिइने छैन।

(५) केन्द्रीकृत राहत सूचना प्रणालीको विकास विभागले गर्नेछ।

(६) उपदफा (२) र (३) बमोजिमको राहत उपलव्ध गराएको विवरण आधिकारिक निकायले केन्द्रीकृत राहत सूचना प्रणालीमा सूचिकृत गर्नु पर्नेछ ।

(७) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घ, प्रदेश र स्थानीय तहमध्ये कुनै एक निकायबाट मात्र दोहोरोपना नहुने गरी राहत उपलब्ध गराइनेछ।

२८. **सुबिधा उपलब्ध गराउन सक्ने :** (१) महामारीजन्य पशु रोगको नियन्त्रणका लागि आधिकारिक निकायबाट खटाइएका व्यक्तिलाई तोकिएको मापदण्ड बमोजिम सुविधा उपलब्ध गराउन विनियोजित बजेटमा व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटाइएको व्यक्तिमा सोही रोगको सङ्क्रमणको पुष्टि भएमा वा अङ्गभङ्ग भएमा स्वास्थ्य परीक्षण तथा उपचारमा लाग्ने सम्पुणर् खर्च सम्बन्धित तहको सरकारले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम खटाइएको व्यक्तिको कामको सिलसिलामा मृत्यु भएमा निजको परिवारलाई प्रचलित कानूनले तोके बमोजिम राहत उपलब्ध गराइनेछ।

## परिच्छेद -५

## कसुर र दण्ड सजाय

**३१. कसुर गरेको मानिने** : कसैले देहाय बमोजिमका कार्य गरे गराएमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ ।

(क) दफा ३ (१) बमोजिम सङ्क्रामक पशु रोग सम्बन्धी सूचना लुकाएमा,

(ख) दफा ४ विपरित सर्भिलेन्स कार्य गर्न वाधा पुऱ्यमा,

(ग) दफा ५ बमोजिम शङ्कास्पद सङ्क्रामक वस्तुको नमुना सङ्कलन, प्रवेश तथा निरीक्षण गर्न अवरोध पुऱ्याएमा,

(घ) दफा ६ बमोजिम शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्ने आदेश पालना नगरेमा,

(ङ) दफा १२ विपरित पशु हाटबजार, पशु प्रदर्शनी, पशु मेला, पशु स्वास्थ्य शिविर सञ्चालन गर्न, सामुदायिक चरन क्षेत्र, पानीको स्रोत वा सार्वजनिक स्थानमा छाड्न, लैजान र पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसार गरेमा,

(च) दफा १५(१) बमोजिमको कार्य गर्न बाधा पुऱ्याएमा,

(छ) दफा १७ बमोजिम सङ्क्रमित परिसर, शङ्कास्पद सङ्क्रामक वस्तु र ढुवानीका साधनको सरसफा तथा निःसङ्क्रमण नगरेमा,

(ज) दफा २४ बमोजिम परिचालित भेटेरिनरी रेपिड रेस्पोन्स टोलीको कार्यमा अवरोध गरेमा,

**३२. दण्ड सजाय** : दफा ३१ बमोजिम कुनै कसूर गर्ने व्यक्ति वा संस्थालाई देहाय बमोजिम दण्ड सजाय हुनेछ :

(क) खण्ड (क) (ख) र (ज) बमोजिमको कुनै कसुर गरेमा दश हजार रूपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ग) र (छ) बमोजिमको कुनै कसुर गरेमा बीस हजार रूपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ङ) बमोजिमको कुनै कसुर गरेमा एक लाखसम्म जरिवाना वा तीन महिना कैद वा दुवै,

(घ) खण्ड (घ) र (च) बमोजिमको कुनै कसुर गरेमा पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा तीन महिना कैद वा दुवै,

(ङ) यस ऐन अन्तर्गत दश हजार रूपैयाँसम्म जरिवाना हुने कसुरमा कसुरदारलाई मुद्दाको तहकीकात गर्न दर्जा पुगेको कर्मचारीले मुचुल्का खडा गरी तत्काल जरिवाना गरी छाडिदिन सक्नेछ।

## परिच्छेद -६

## विविध

**३३. कारक तत्वको सञ्चिति र प्रयोग :** (१) पहिचान गरिएका सङ्क्रामक रोगको कारकतत्व विभागले तोकेका प्रयोगशालामा मापदण्ड बमोजिम सञ्चित गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चित गरिएको कारकतत्वबारे अध्ययन अनुसन्धान वा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूमा थप परीक्षण तथा विश्लेषणको लागि पठाउनु पर्ने भएमा विभागले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चित गरिएको कारकतत्त्व प्रयोग गरी स्वदेशी वा अन्तर्राष्ट्रिय प्रयोगशालाहरूमा जैविक पदार्थ उत्पादन गर्नको लागि विभागले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

**३४. कारक तत्व नष्ट गर्ने :** दफा ३२ को उपदफा (१) बमोजिम संचित गर्नुपर्ने वाहेक अन्य सबै सङ्क्रामक रोगको कारक तत्वलाई बाहिरी वातावरण, पानीको स्रोत, ढल तथा अन्य माध्यमद्वारा अन्यत्र बिस्तार नहुने गरी नष्ट गर्नु पर्नेछ।

**३५. पीडा रहित मरणको व्यवस्था :** सङ्क्रामक पशु रोगको निदान वा नियन्त्रण गर्न सङ्क्रमित पशुलाई नष्ट गर्नुको अलावा उपचारविहीन पीडादायी अवस्थामा दर्तावाल पशु चिकित्सकले पीडारहित मरण (युथेनेशिया) को व्यवस्था गर्न सक्नेछ।

**३६. पैठारीमा प्रतिबन्ध :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सङ्क्रामक पशु रोग भएको प्रमाणित भएका देशबाट पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री तथा रोग सार्न सक्ने अन्य वस्तुको पैठारीमा प्रतिबन्ध लगाउन सक्नेछ।

**३७. राष्ट्रिय सर्भिलेन्स र रोग नियन्त्रण कार्यक्रमहरू सञ्चालन गर्ने :** आधिकारिक निकायहरूले सङ्क्रामक पशु रोग नियन्त्रण गर्नको लागि राष्ट्रिय सर्भिलेन्स र रोग नियन्त्रण कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

**३८. सहयोग गर्नु पर्ने :** यस ऐन बमोजिम कुनै काम कारबाही सम्पन्न गर्ने सिलसिलामा आधिकारिक निकाय वा अधिकार प्राप्त अधिकारीबाट स्थानीय प्रशासन वा अन्य कुनै सरकारी वा गैर सरकारी कार्यालय वा निकायको सहयोग माग भएमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**३९. अनुगमन गर्न सक्ने :** मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रण कार्यको आवश्यकतानुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

४०. **असल नियतले गरेको कामको बचाउ :** यस ऐन अन्तर्गत काम गर्ने अधिकारप्राप्त कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको काम कारवाहीको सम्बन्धमा व्यक्तिगत तवरले उत्तरदायी बनाइने वा कारबाही गरिने छैन।

४१. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले आफुलाई प्राप्त अधिकारहरूमध्ये मुद्दाको अनुसन्धान गर्ने अधिकारबाहेक अन्य अधिकार आवश्यकता अनुसार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४२. **सरकार वादी हुने :** यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

४३. **मुद्दाको तहकिकात र दायरी :** यस ऐन वमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको तहकिकात कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको प्राविधिक अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष दायर गरिनेछ।

४४. **मुद्दा हेर्ने अधिकारी :** यस ऐन बमोजिमको कसूरमा मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

४५. **पुनरावेदन :** यस ऐन वमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निणर्य उपर चित्त नबुझेमा तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने छ।

४६. **नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्नका लागि नेपाल सरकारले निम्न विषयमा नियम बनाउन सक्नेछः

(क) शङ्कास्पद सङ्क्रामक वस्तु निरीक्षण तथा नमुना सङ्कलन सम्बन्धी विषय

(ख) सङ्क्रमित तथा महामारी प्रभावित क्षेत्रमा गर्नुपर्ने क्रियाकलाप सम्वन्धी विषय

(ग) सङ्क्रामक पशु रोग नियन्त्रणमा अन्तरतह सहकार्य सम्बन्धी विषय

(घ) सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी विषय

(ङ) मृतक पशुको पोष्टमार्टम (शव परिक्षण) र शव व्यवस्थापन सम्बन्धी विषय

(च) शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट वा लिलाम र ढुवानी साधन निःसङ्क्रमण गर्ने विषय

(छ) सङ्क्रामक पशु रोग र खोप सम्बन्धी विषय

४७. **निर्देशिका, कार्यविधि, र मापदण्डहरू बनाउन सक्ने :** मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको निमावलीको अधिनमा रही आवश्यकतानुसार निर्देशिका, कार्यविधि, र मापदण्डहरू बनाउन सक्नेछ।

४८. **खारेजी र वचाउ :** (१) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १५ र दफा २८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरिएका कार्य यसै ऐन बमोजिम भए गरिएको मानिने छ।